भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०८१।०८२
चलानी नं.: मिति :

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**(सूचना प्रकाशित मिति २०८१।११।२५)**

भुम्लु गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको लागि आवश्यक तपसिल बमोजिम शिक्षक खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरीकहरुले तपसिल बमोजिमको कागजातहरु तथा राजस्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

| क्र.सं | वि.नं. | पद | जम्मा माग संख्या | दरबन्दीको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १. | १८-०८१/८२ | मावि गणित | १ | करार | तेस्रो पटक प्रकाशित |
| २. | २१-०८१/८२ | मावि लेखा | १ | पालिकाश्रोत | प्रथम पटक प्रशकाशित |
| ३. | २२-०८१/८२ | बालविकास | २० | पालिकाश्रोत | प्रथम पटक प्रशकाशित |

**१. दरखास्त दिने विधि :** भुम्लु गाउँपालिकाको कार्यालय वा अनलाइन मार्फत

- गाउँपालिकाको वेबसाइट **www.bhumlumun.gov.np** मा गई विद्युतीय सुशासन सेवाको नमुना फारमहरु भित्र रहेको नमुना फारम डाउनलोड गरी फर्म भर्ने ।
- फर्म भरेपछि बुँदा नं. ५ र ६ मा दिइएका कागजातहरु भुम्लु गाउँपालिकाको ईमेल आई.डी. **vacancy.bhumlu@gmail.com** मा **Scan** गरी एउटै **PDF File** बनाई पठाउनु पर्नेछ ।
- कागजात मेलबाट पठाएपछि कार्यालयमा प्राप्त भए नभएको फोन गरी यकिन गर्नु पर्नेछ ।

**२. आवश्यक शैक्षिक योग्यताः**

क) मावि शिक्षकका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण ।
ख) बालबिकास शिक्षकका लागि प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०८१।१२।१० (कार्यालय समय भित्र)

**४. आवेदन दस्तुरः** मा.वि. तहको शिक्षकको लागि रु.१५००।– (एक हजार पाँच सय मात्र),
बालविकास सहजकर्ताको लागि रु ७०० (सात सय मात्र)

**५. दस्तुर बुझाउने विधि :** नबिल बैंक लि. मा रहेको भुम्लु गाउँपालिकाको खाता **BHUMLU GA.PA.1.1 AANTARIK RAJASWA KHATA** खाता नं. **२१५०१०१७५०००४५** मा रकम जम्मा गरी सक्कलै भौचर दरखास्त फारम सँगै भुम्लु गाउँपालिककाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ वा माथि उल्लेखित इमेल ठेगानामा पठाउनु पर्नेछ ।

**६.आवेदन साथ संलग्न आवेदक स्वयंले प्रमाणित कागजातहरुः**

क) निवेदन ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि घ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
ङ) न्युनतम योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि च) ३ प्रति पासपोर्ट साइजको फोटो

**७. तलव तथा अन्य सुविधाः** करार शिक्षकका लागि नेपाल सरकारले लागि तोकेको स्केल बमोजिम ।
पालिका श्रोत शिक्षकका लागि भुम्लु गाउँपालिकाले तोकेको स्केल बमोजिम ।

**८. उमेर हदः** शिक्षकको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**९. परिक्षाको किसिम :** शिक्षक पदको लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम वमोजिम,
बालविकासको लागि भुम्लु गाउँपालिकाले निर्धारण गरेको पाठ्यक्रम बमोजिम ।

**१०. परीक्षा मिति :** पछि प्रकाशन गरिने छ।

**११. विस्तृत जानकारीका लागि सम्पर्क व्यक्तिः** श्री राम कुमार कायस्थ (शिक्षा शाखा कर्मचारी)– ९८४३१६८६५७

२०८१/११/२५

**कृष्ण बहादुर खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**